आज मिति २०८१।०३।०१ गतेका दिन  सिलीचोङ गाउँपालिका अध्यक्ष श्री भुपाल राज राईको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा संचालन भएको सिलीचोङ गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सार्वजनिक सुनुवाई कार्यक्रममा निम्न बमोजिमको निर्णय गरीयो ।

उपस्थिति :-

| क.स | पदाधिकारीहरु/कर्मचारीहरुको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | भुपालराज राई | गा.पा अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | १ नं. वडा अध्यक्ष | |
| ४ | मोहन सम्सेर राई | २ नं. वडा अध्यक्ष | |
| ५ | प्रताप सिंह तामाङ | ३ नं वडा अध्यक्ष | |
| ६ | देवेन्द्र राई | ४ नं वडा अध्यक्ष | |
| ७ | ईश्वार राई | ५ नं. वडा अध्यक्ष | |
| ८ | बाबुनन्दा मेहता | प्र.प्र.अ. | |
| ९ | पदमामान राई | २ नं वडा सदस्य | |
| १०, | राधिका रुम्बुनी | ३ नं. वडा सदस्य | |
| ११ | नरभुपाल मेवाहाङ | नेकपा (एमाले) प्रदेश सदस्य | |
| १२ | [illegible] राई | नेकपा (एमाले) [illegible] | |
| १३ | मेघ राज राई | | |
| १४ | अरुणा राई | सि.गा.पा.-४ | |
| १५ | टिकाराम खुलुवार | प्र.ना.नि. | |
| १६ | भगत कुलुङ राई | संयोजक | |
| १७ | संयोगलाल कुलुङ | नेपाली कांग्रेस से.का.स | |
| १८ | देवीकुमारी राई | ने.क.पा (माओवादी) | |
| १९. | गणेश कुमारी राई | टोल समिति सदस्य | |
| २० | बागवीर राई | नें.का प्रतिनिधि | |
| २१ | त्रिमान राई | टोल सम्योजक | |
| २२ | मान बहादुर राई | सजन प्रतिनिधि | |

| क.स | पदाधिकारीहरुको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| २३ | चिरञ्जीवी राई | व्यवसायी | [signature] |
| २४ | जीवन कुलुङ | टोल संयोजक | [signature] |
| २५ | मान बहादुर राई | पुर्व मेयर | [signature] |
| २६ | प्रशान्त राई | टोल संयोजक | [signature] |
| २७ | उत्तम कुमार राई | टोल संयोजक | [signature] |
| २८ | शंकरदास मेवाहाङ | | [signature] |
| २९ | विष्णु कुमार राई | टोल संयोजक | [signature] |
| ३० | [illegible] | अध्यक्ष | [signature] |
| ३१ | मनि कुमार राई | पुर्व वडा सदस्य | [signature] |
| ३२ | मोती बहादुर राई | मिलेरार संयोजक | [signature] |
| ३२ | मनोज राई | टोल संयोजक | [signature] |
| ३३ | शिवकुमार राई | स्थानिय | [signature] |
| ३४ | सागर राई | कार्यपालिका सदस्य | [signature] |
| ३५ | चन्द्र [illegible] राई | प्रधानाध्यापक | [signature] |
| ३६ | सागर राई | व्यवसायी | [signature] |
| ३७ | इन्द्र राई | कृषक | [signature] |
| ३८ | गौरव चोटल | कर अधिकृत | [signature] |
| ३९ | श्रीकान्त चौधरी | आयुर्वेद सेवा प्रमुख | [signature] |
| ४० | रविन्द्र महतो कुर्मी | प्रा. स्वा. से. | [signature] |
| ४१ | लक्ष्मी विश्वकर्मा | का. पा. स. | [signature] |
| ४२ | मन कुमारी राई | का. पा. स. | [signature] |
| ४३ | जमुना राई | वडा सदस्य | [signature] |
| ४४ | राम बहादुर राई | निवर्तमान अध्यक्ष | [signature] |
| ४५ | [illegible] राई | [illegible] | [signature] |
| ४६ | शारदा कुमारी राई | कार्यपालिका स | [signature] |
| ४७ | अनिता राई | फिल्ड सहायक | [signature] |
| ४८ | दिपेश राई | जे.स्वा.के. | [signature] |
| ४९ | सुजता कुलुङ | सि. वि. अध्यक्ष | [signature] |
| ५० | राजु विष्ट | प्रा. अ. | [signature] |
| ५१ | बुद्धि कुलुङ | शिक्षा शाखा प्रमुख | [signature] |

| क.स | पदाधिकारीहरुको नाम थर | पद | दस्तखत |
| --- | --- | --- | --- |
| ५२ | विनोज कुलुङ | ना०प्रा०स० | [signature] |
| ५३ | दिपक खड्का | लेखापाल | [signature] |
| ५४ | नोन राज राई | सूचना प्रविधि अधिकृत | [signature] |
| ५५ | निर्मला बुढा | अ.हे.व. | Nirmala |
| ५६ | मिना भट्ट | अ.न.मि | [signature] |
| ५७ | रश्मि कार्की | स्टाफ नर्स | [signature] |
| ५८ | नरेन्द्र राई | खे.प.नि. | [signature] |
| ५९ | राज कुमार राई | रोजगार संयोजक | [signature] |
| ६० | सुना शेख | वरिष्ठ लिपिक | [signature] |
| ६१ | प्रेमकला अधिकारी | वडा सचिव इं. | [signature] |
| ६२ | भावना पराजुली | प्रशासन सहायक | [signature] |
| ६३ | कुलबहादुर राई | टोल संयोजक | [signature] |
| ६४ | कुबिमान राई | कृषक | [signature] |
| ६५ | रविन | कृषक | [signature] |
| ६६ | छत्र कुमार राई | वडा सदस्य | [signature] |
| ६७ | गणेश राई | टोल संयोजक | [signature] Rai |
| ६८ | मोन कु. मेवाहाङ राई | म.अ. इकाई संयोजक | [signature] |
| ६९ | सागर राई | टोल स०OG | [signature] |
| ७० | यो डी कु. तामाङ | टोल संयोजक | Tamang |
| ७१ | रबिन राई | पर्यटन | [signature] |
| ७२ | रेश्मा किरण्ती राई | कार्यालय सहयोगी | [signature] |
| ७३ | दिक्षा राई | " | [signature] |
| ७४ | कैलाश कुलुङ | " | [signature] |
| ७५ | रमेश राई | फिल्ड सहायक | [signature] |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

*निर्णय*

१. चालु आर्थिक बर्ष २०८०/०८१ को योजना तथा कार्यक्रम कार्यान्वयनको बार्षिक प्रगति प्रतिवेदन नागरिक प्रतिवेदन, बहिर्गमन प्रतिवेदन, नागरिक अभिमत पेश भयो । उक्त सम्वन्धमा व्यापक छलफल हुनुको साथै सहभागीहरुले उठाएका गुणसोहरुको सम्वन्धमा पक्षबाट सम्बोधन भयो । गाउँपालिका र मातहतको कार्यालयबाट प्रवाह हुने सेवाहरुलाई थप प्रभावकारी बनाउदै सेवाग्राही मैत्री सेवा प्रदान गर्न गाउँपालिका अग्रसर रहने निश्कर्षका साथ सार्वजनिक सुनुवाई कार्यक्रम सन्तोषजनक रुपमा सम्पन्न भएको निर्णय गरीयो ।

# अनुसूची–४

## (बुंदा नं. ७.८ संग सम्बन्धित)

# सार्वजनिक सुनुवाइमा पालना गर्नुपर्ने आचार संहिता

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।

४ सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।

५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन ।

६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।

७ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।

८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।

९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१० सुनुवाइलाई विषयान्तर हुनबाट सबै सहभागि सचेत हुनु पर्नेछ ।

Multimedia Pvt.Ltd.

# नागरिक चासो मल्टिमिडिया प्रा.लि
## खाँदबारी, संखुवासभा
# सिलीचोङ गाउँपालिका सार्वजनिक सुनुवाई
## नागरिक सर्वेक्षण प्रतिवेदन

**प्रस्तुतकर्ता : खेवाहाङ मेवाहाङ**
**कार्यकारी निर्देशक**

## १. पृष्ठभुमि

सेवा प्रवाह गर्ने निकाय र आम नागरिककाबिच सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरी सेवा प्रवाहमा पारर्शिता, गुणस्तर र सुशासन कायम गर्न तथा नागरिकको गुनासो सुनुवाई गरी जवाफदेहिता कायम गर्न सार्वजनिक सुनुवाई गर्ने कार्यक्रम महत्वपुर्ण औजारको रुपमा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन र सम्बन्धित कानुनहरु एवंम स्थानीय तहहरुको संस्थागत स्वमुल्यांकन(लिसा) प्रणालीले समेत सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान व्यवस्था गरेको छ ।

स्थानीय तहले प्रदान गर्ने सेवा सुविधाको सन्दर्भमा स्थानीय तहका पदाधिकारीहरु तथा सरोकारवाला नागरीकबीच सार्वजनिक स्थानमा गरिने खुला छलफल नै सार्वजनिक सुनुवाई हो । यस किसिमको छलफलले शासन सञ्चालनमा पारदर्शिता, नेतृत्वमा जवाफदेहिता र सार्वजनिक चासोका विषयमा आम नागरीकहरुको सूचनामा पहुँचलाई मजबुत बनाउनुका साथै सार्वजनिक सेवा, वस्तु र निर्णय प्रकृयामा आम नागरीकको सहभागितालाई प्रवर्द्धन गर्दछ । यसबाट सार्वजनिक वस्तु, सेवा र विकास निर्माणका कृयाकलापहरु जन अपेक्षा बमोजिम सञ्चालन गर्ने संस्कारको विकास गर्न समेत टेवा पुग्दछ ।

सार्वजनिक सुनुवाईले जिम्मेवार पदाधिकारीहरुलाई सार्वजनिक वस्तु, सेवा र सुविधाको बारेमा सेवाग्राहीबाट पृष्ठपोषण प्राप्त गर्ने अवसर प्रदान गरी कमी कमजोरीहरु सच्याउन मद्दत गर्दछ । यसरी सार्वजनिक सुनुवाईले जिम्मेवार पदाधिकारीहरुलाई निरन्तर नागरीकहरुप्रति जवाफदेही हुन र पारदर्शी रुपमा शासन सञ्चालन गर्न समेत उत्साहित गर्दछ । सार्वजनिक सुनुवाईमा सार्वजनिक चासोका विषयमा जिम्मेवार पदाधिकारी तथा सेवाग्राहीबीच प्रश्नोत्तर हुनुका साथै सेवाग्राहीले सार्वजनिक वस्तु, सेवा र सुविधा प्रवाहमा आगामी दिनमा अपेक्षा गरेका सुधारहरु समेत प्रष्फुटित हुने र जिम्मेवार पदाधिकारीहरुबाट

NAGARIK CHASO Multimedia Pvt.Ltd. Khandbari, Sankhuwasabha

उक्त सुधारहरु हासिल गर्ने सम्भावनाहरुको बारेमा जानकारी प्रदान गर्ने प्रकृयाबाट सुधारका प्रतिबद्धताहरुसमेत तयार हुन्छ ।

यसरी तयार भएको प्रतिवद्धता कार्यान्वयनबाट नै सुधारको अपेक्षा गर्न सकिन्छ । यस प्रकृयालाई ध्यानमा राखी सिलीचोङ गाउँपालिकाको कार्यालयले सार्वजनिक सेवा प्रवाहका सम्बन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्न नागरिक चासो मल्टिमीडिया प्रा.लि.लाई जिम्मेवारी दिईएको छ ।

उक्त सार्वजनिक सुनुवाई कार्यक्रमका उद्देश्य नागरीक र गाउँपालिकाबीचमा दोहोरो सम्वाद स्थापित गरी जवाफदेहिताको संस्कार बसाउने र सार्वजनिक सेवा प्रवाह भरपर्दो र गुणस्तरयुक्त बनाउन नागरीकबाट रचनात्मक सुझाव प्राप्त गर्ने रहेको छ । सार्वजनिक सुनुवाई स्थानीय बासिन्दा र स्थानीय तहको कार्यप्रतिको जिज्ञासा र चाहनालाई एकै थलोबाट जानकारी लिई जिम्मेवार पदाधिकारीहरुले स्पष्ट पार्ने तथा प्रतिबद्धता व्यक्त गर्ने एउटा सामाजिक जवाफदेहिताको औजार हो जुन स्थानीय तहले गर्दै आएका छन् ।

जसमा सार्वजनिक सुनुवाईका लागी हामीले सिलीचोङ गाउँपालिकाका ५० भन्दा बढि प्रत्यक्ष सेवाग्राहीसंग सर्बेक्षण गरेका थियौ । त्यसमा यस प्रकारका जिज्ञासा र सल्लाह, सुझाव र प्रतिक्रिया जनाएका छन् ।

Nagarik Chaso Multimedia Pvt.Ltd.
Khandbari, Sankhuwasabha

## अनुसूची १.क

**बहिर्गमन अभिमत (Exit Poll)**

- **सेवाग्राहीको लिङ्ग :– पु / स्त्री**
- **जात : विभिन्न**
- **उमेर : विभिन्न**
- **शिक्षा : विभिन्न**

**१) यस कार्यालयको काममा मात्र आउनुभएको हो ?**

**हो ( २४) होइन ( ) अन्य कामको लागि ( ६)**

**२) कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ? रेजा ( ) चिन्ह दिनुहोस् ।**

क) योजना सम्झौता गर्न १५
ख) पेश्की लि ०
ग) अन्तिम भुक्तानी लिन १५
घ) सिफारिस लिन १०
ङ) समुह संस्था दर्ता गर्न ४
च) प्रमाणिकरण गर्न ५
छ) सहयोग/राहत/क्षतिपुर्ती लिन १
ज) न्यायिक काम ०
झ) गुनासो राख्न
ञ) सूचनामूलक सामग्री प्राप्त गर्न
अन्य कुनै भए

**३. सेवा सुविधा प्राप्ती सम्वन्धी तपाईको स्वमूल्याकन कस्तो रह्यो ।**

| सि.नं | सेवाको नाम | मुल्यांङकन / उपयूक्त कोठामा रेजा ( ) लगाउने | | |
|---|---|---|---|---|
| १ | सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईले स्पष्ट जानकारी भयो ? | अति स्पष्ट (७) | ठीकै(४०) | अस्पष्ट (३) |
| २ | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै (५) | ठीकै ( ४१) | थोरै (४) |
| ३ | तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण (११) | ठीकै ( ३८) | अभद्र/अमर्यादित (१) |

| | | | | |
|---|---|---|---|---|
| ४ | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | अति स्पष्ट गरिदिए (१५) | ठीकै(३५ ) | अलमल्ल हुनेगरी अस्पष्ट सूचना दिए () |
| ५ | तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ? | अति सजिलो तरिका बाट समाधान दिए (९) | ठीकै ( ३८) | लामो र झन्झटिला (३) |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो लाग्यो ? | अति सजिलो (छोटो) (६) | ठीकै (३६ ) | लामो र झन्झटिला (८) |

Multimedia Pvt.Ltd.

९, कार्यालयको कुन–कुन पक्षमा धेरै राम्रो लाग्यो, कुन–कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?

| राम्रा लागेका कुराहरु | सुधार गर्नुपर्ने विषयहरु |
|---|---|
| | |

Multimedia Pvt.Ltd.
Khandbari, Sankhuwasabha

| राम्रा लागेका कुराहरु | सुधार गर्नुपर्ने विषयहरु |
|---|---|
| • कार्यालयिय काममा सूचना प्रविधिको प्रयोग भएको छ ।<br>• गाउँपालिकाको सूचना प्रसार गर्ने कार्यमा वृद्धि भएको ।<br>• भौतिक संरचना निर्माणले कार्यालय सञ्चालनमा सहयोग पुगेको ।<br>• कार्यालयमा शाखा अनुसारको कर्मचारी भएको ।<br>• हेल्प डेस्क स्थापना गरेर सेवा प्रवाहमा सहयोग पुगेको ।<br>• कार्यालय समय अतिरिक्त समयमा पनि कर्मचारीले काम गरेको । ।<br>• सेवा सुविधा ऐनसँग सम्बन्धी जानकारी फोन सम्पर्कबाट जानकारी लिन सकिने<br>• सरल ढंगले काम सम्पन्न भएको<br>• कर्मचारीलाई सोधिएको प्रश्नको बारेमा राम्रो सँग उत्तर दिएको<br>• योजनाहरुको रेखदेख अनुगमनमा ध्यान दिई गुणस्तरीय विकासमा संलग्न भएको ।<br>• प्राविधिकहरुले सकेसम्म धेरै समयसम्म खटेर काम गरिदिने र सहयोग सजिल्यै गरेको ।<br>• कार्यालयमा बोलीचोलीमा मातृभाषाको प्रयोगले सहज भएको ।<br>• अतिरिक्त रकमहरु दिनु पर्ने स्थिती नभएको । | • कर्मचारीहरु कार्यालयमा कम भेटिन्छन् । विदामा धेरै रहने गरेकोले उक्त विषयमा ध्यान दिनु पर्छ ।<br>• जनप्रतिनिधी तथा कर्मचारीहरुको सम्बन्ध अझ मजबुत बनाउन पर्छ ।<br>• काम गर्ने कर्मचारीको सीप, दक्षतामावृद्धि गर्न स्थानीय स्रोत साधनमार्फत तालिम दिई दक्ष सीप विकास गर्नुपर्छ ।<br>• कार्यालय समयमा कर्मचारीहरु पोशाकमा रहनु पर्छ ।<br>• सोधपुछ कक्ष सबैले देखिने गरी अग्र स्थानमा राखेर नियमित कर्मचारी खटाउनु पर्छ ।<br>• सवारी साधनको प्रयोगमा मितव्ययी अपनाई दुरुपयोग हुन दिनुहुन्न ।<br>• निश्पक्ष सेवा प्रवाहमा ध्यान दिनुपर्‍यो ।<br>• कार्यालय वरिपरि सरसफाईमा ध्यान दिनु पर्छ । कार्यालयभित्र र सामाग्रीहरु समेतको सरसफाई हुनुपर्‍यो ।<br>• सेवाग्राहीरु बस्ने र प्रतिक्षा गर्ने ठाउँ सानो भएको । जसको लागि व्यवस्थित स्थान थप गरिनु पर्छ ।<br>• कर्मचारी परिचालनमा थप जोड दिनु पर्ने । सबै कर्मचारीहरु आआफ्नो क्षेत्रमा परिचालित हुन जरुरी ।<br>• राजश्वको दायरा बढाउनुपर्ने तर पुरानै शिर्षकमा धेरै बढाउनु हुन्न ।<br>• कर्मचारी तथा जनप्रतिनिधीहरुबीच मित्रवत व्यवहार गरि जनताको सेवामा लाग्नु पर्ने ।<br>• स्थायी कर्मचारी व्यवस्थापनमा जोड गर्नुपर्ने ।<br>• योजना वितरण गर्दा आवश्यकता पहिचान गरी वितरण गरिनु पर्छ ।<br>• उपभोक्ता समितिलाई योजना सञ्चालन, कागाजात व्यवस्थापन सम्बन्धी तालिम हुनु पर्छ ।<br>• इन्टरनेटको सेवा विस्तार गर्न पहल गरिनु पर्छ । थप प्रविधिमैत्री सेवामा ध्यान दिने ।<br>• योजनाको सूचनापाटी देखिएन ।<br>• अनुदानका कार्यक्रम गर्दा खास काम गर्नेलाई मात्र वितरण गरिनु पर्छ ।<br>• ठुला आयोजनाको प्रभाव मुल्याङ्कन गरी सोको बारेमा स्थानीयलाई जानकार बनाई कार्य प्रकृया अगाडी बढाउनु |

| राम्रा लागेका कुराहरु | सुधार गर्नुपर्ने विषयहरु |
|---|---|
| | पर्छ ।<br>• गाउँपालिका माताहका कार्यालयहरु सुन्दर र व्यवस्थित बनाउनु पर्छ ।<br>• कार्यालयहरु, विद्यालयहरुको ठाउँ अनुकुल बाह्रैमासे फुलबारी बनाउनु पर्छ ।<br>• खेलकुद गतिविधिलाई प्राथमिकता दिई बजेट व्यवस्थापन गरिनुपर्छ । खेलमैदानको व्यवस्थापन गरिनुपर्छ ।<br>• विपतका विषयमा गम्भीरताका साथ निति जनशक्ति, तथा बजेटको पूर्व तयारी गर्नुपर्छ ।<br>• सहरीकरण हुने क्षेत्रहरु पहिचान गरी डम्पीङ साईटको व्यवस्थापन गरिनु पर्छ । |

**निश्कर्ष**

सार्वजनिक सुनुवाईले शासन सञ्चालनमा पारदर्शिता, नेतृत्वमा जवाफदेहिता र सार्वजनिक चासोका विषयमा आम नागरीकहरुको सूचनामा पहुँचलाई मजबुत बनाउनुका साथै सार्वजनिक सेवा, वस्तु र निर्णय प्रकृयामा आम नागरीकको सहभागितालाई प्रबर्द्धन गर्दछ । यसबाट सार्वजनिक वस्तु, सेवा र विकास निर्माणका कृयाकलापहरु जन अपेक्षा बमोजिम सञ्चालन गर्ने संस्कारको विकास गर्न समेत टेवा पुग्ने महसुस गरिएको छ ।

सिलीचोङ गाउँपालिका र विषयगत शाखाहरुबाट हुने सेवा प्रवाह अझै पनि लामो र झन्झटिलो, कम प्रविधिमैत्री हुने गरेको गुनासो आएकाले त्यसलाई आगामी दिनमा सुधार गर्न पर्ने देखिएको छ । योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा कागाजी प्रकृयाहरु नबुझेर हैरानी व्यहोर्नु परेको गुनासो आएको छ । जसको लागि तालिम गर्ने वा कुनै तरिकाले सम्बोधन गरिनु पर्छ । कार्यालय व्यवस्थापनमा कम चासो वा सकरात्मक उन्नती नभएकोले थप भएका जनशक्तिलाई सकेसम्म बढि प्रयोगरी सो तर्फ ध्यान दिनु पर्ने देखिएको छ । साथै प्रत्येक दिन प्रत्येक कोठा, जहाँका सामाग्रीहरु र कार्यालय परिसर सरसफाईमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । अझ योजनाका बारेमा सूचनापाटी योजना सम्पन्न भएपछि मात्र एक छिनका लागि टाँस गरिएको भन्दै सरोकारवालाहरुबाट गुनासो आउने गरेको छ । त्यसका लागि आयोजना सुरु भएसँगै सुचनापाटी वा होर्डिङबोर्ड टाँस गरी योजनाका बारेमा प्रस्ट हुन पाउँनु पर्ने अधिकारको सुनिश्चितता कायम गर्नु पर्नेछ । खेलकुद, महिला, बालबालिका लगायतका लक्षित वर्गका लागि खास योजना नबनेको समेत गुनासो आएकोले सोतर्फ ध्यान दिन आवश्यक छ । बार्षिक रुपमा आर्थिक बर्षको आ.व.को अन्तिममा बजेट अभाव भई सम्पन्न भएका योजना तथा कार्यक्रमको भुक्तानी नपाउने गरेको गुनासो आएको सो तर्फ बजेट निर्माणदेखि नै ध्यान दिन आवश्यक छ । सेवाग्राहीहरुको आत्मसम्मान, प्ररणा र मनोपरामर्शका विषयमा कर्मचारी र जनप्रतिनिधीहरु जानकार भई सेवा प्रवाह गर्नु आजको आवश्यकता हो ।

Multimedia Pvt.Ltd.
Khandbari, Sankhuwasabha

हामीले संकलन गरेको बहिगर्मित अभिमतमा आएका सुझावहरु प्रतिनिधी पात्र हुन् । यसरी आएका गुनासो, सुझाव र सल्लाहलाई सिरोधार्य गर्दै अगाडी बढ्न सकियो भने विकास र परिवर्तनको ढोका सिलीचोङको लागि सदैव खुल्नेछ ।

धन्यवाद ।

अनुसूची–४

(बुँदा नं. ७.६ सँग सम्बन्धित)

सार्वजनिक सुनुवाइ संबन्धी प्रतिवेदन

- **सार्वजनिक सुनुवाइ संयोजन गर्ने व्यक्तिको नाम, थर:** खेवाहाङ मेवाहाङ
- **ठेगाना:** सिलिचोङ गाउँपालिका- २, संखुवासभा
- **सुनुवाइ गरिएका विषयबस्तुहरु**

क) सिलीचोङ गाउँपालिकामा यस आर्थिक बर्षमा सम्पादन भएका विषयहरु

ख) योजना तथा कार्यक्रम सञ्चालनका क्रममा नागरिकहरुको गुनासो सुनुवाई तथा समाधानका प्रयास

ग. गाउँपालिकाको समृद्धिका लागि सामुहिक प्रतिवद्धता

- **कार्यक्रम स्थल:** गाउँपालिकाको सभाहल
- **कार्यक्रम आयोजना गरिएको मिति र समय:** २०८१/०३/०१ गते शनिबार
- **कार्यक्रम सञ्चालन गरिएका समयावधि (घण्टा/मिनेटमा):** ४ घण्टा
- **उठेका प्रश्न/जिज्ञासा र उत्तर :**

| क.सं. | प्रश्न, गुनासो, सुझावदिनेको नाम | प्रश्न, गुनासो वा सुझाव | जवाफदिने पदाधीकारी | जवाफको छोटकरी ब्यहोरा |
|---|---|---|---|---|
| १ | शिव कुमार मेवाहाङ<br>सिलीचोङ-३ | १. संखुवा खोला सिम्लादकदेखी ताम्कु आउने सडक सानो भयो सम्भव भए बढाउनु पर्छ ।<br>२. गाउँपालिका स्तरको आदीवासी संग्राहलय बनाउने प्रयास गरौं | भुपालराज मेवाहाङ<br>गाउँपालिका अध्यक्ष | १. उक्त विषयलाई आगमी बजेट निती तथा कार्यक्रमका लागि विषयगत समितिमार्फत पठाउन सकिने । |

Multimedia Pvt.Ltd.

| क्र.सं. | प्रश्न, गुनासो, सुझावदिनेको नाम | प्रश्न, गुनासो वा सुझाव | जवाफदिने पदाधीकारी | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| २) | अरुण राई<br>सिलीचोङ गाउँपालिका-४ | १. विद्युतको बील तिर्न खाँदबारी जानै पर्ने बाध्यताका विषयमा गाउँपालिकाले सहजीकरण गरिदिनुभए हुने थियो । | बाबुनन्दन मेहता<br>प्रमुख प्रशासकीय अधिकृत | १. हरेक वडाबाट हेल्प डेस्क सञ्चालन गरेर यो सेवा सुरु गरिसकेका छौं । थप व्यवस्थित गर्न हामी लागि पर्नेछौं । |
| ३) | मेघराज राई<br>सिलीचोङ गाउँपालिका-३ कोल्बा | १. प्रशासकीय भवन सुस्त भयो नि, कमजोरी कसको हो ?<br>२. कर्मचारी अभाव, दरबन्दी खाली संधै एउटै कुरा कसरी ? | भुपालराज मेवाहाङ<br>गाउँपालिका अध्यक्ष<br>प्रतापसिंह तामाङ<br>वडाध्यक्ष तथा सार्वजनिक क्षमता विकास | १. स्थानीय सरकारको दायित्व व्यहोरी रहेका छौं । तर संघीय सरकारले दिने भनेको ६० प्रतिशत रकम आउन नसकेकोले यो समस्या भएको हो ।<br>२. लोक सेवा आयोगमा धेरै पटक माग गरिएको छ । तर परिक्षा नै सञ्चालन नभएको कारण हालसम्म रिक्त रहेको छ । |
| ४) | मणि कुमार राई | १. कृषिमा जोड दिनु परो । मौरी पालनलाई पनि विशेष प्राथमिकता दिनु परो । | भुपालराज मेवाहाङ | १. आगमी निती तथा कार्यक्रममा प्रयास हुनेछ । सिमीत स्रोत साधनका कारण पनि विशेष समस्या भएको हो । |

| क्र.सं. | प्रश्न, गुनासो, सुझावदिनेको नाम | प्रश्न, गुनासो वा सुझाव | जवाफदिने पदाधीकारी | जवाफको छोटकरी ब्यहोरा |
|---|---|---|---|---|
| | याचाम्खा | २. पर्यटक विकासका लागि हालसम्म किन कम भएको ? | | |
| ५) | चन्द्रध्वज राई<br>प्रधानाध्यपक<br>सगरमाथा मा.वि. | १. निर्माणका कामले अस्तव्यस्त रहेको हाम्रो विद्यालयमा कार्यलय सहयोगी आवश्यक छ । गाउँपालिकामा माग गर्दा पनि प्राप्त हुन सकेन किन होला ।<br>२. विद्यालयको घराबारका लागि पनि बजेटको व्यवस्थापन गरिदिनुभए थप व्यवस्थित गर्न सहयोग पुग्ने थियो | बुद्धि कुलुङ<br>शिक्षा शाखा संयोजक<br>भुपालराज मेवाहाङ<br>गाउँपालिका अध्यक्ष | १. मर्ज भएका विद्यालयका कर्मचारी शिक्षा शाखामा हाजिर गरिरहेका छौं । अन्य विद्यालयमा पठाउने नितीगत व्यवस्था नभएको ।<br>२. सके यहाँबाट नसके प्रदेश सरकार र संघीय सरकारसंग पहल गर्ने प्रयास हुनेछ । |
| ६ | सागर राई<br>सिलीचोङ-३ | १. पानमा दर्ता भएका व्यसायीहरुलाई गाउँपालिकामा दर्ता हुँदा कर छुट गर्न सकिन्न | बाबुनन्दन मेहता<br>प्रमुख प्रशासकीय अधिकृत | १. स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने व्यवसायलाई शुल्कसहित दर्ता गर्ने स्वयत्त अधिकार भएकोले त्यो नहुने । |

| क्र.सं. | प्रश्न, गुनासो, सुझावदिनेको नाम | प्रश्न, गुनासो वा सुझाव | जवाफदिने पदाधीकारी | जवाफको छोटकरी ब्यहोरा |
|---|---|---|---|---|
| ७ | नर भुपाल मेवाहाङ<br>सिलीचोङ-३ | १. गाउँपालिकाले स्थानीय पाठ्यक्रम लागु गरेर सुरु भएको मातृभाषाको पाठ्यक्रम किन हटाईयो ?<br>२. गाउँपालिकामा गैह्र सरकारी संघ संस्थाहरु संगको साझेदारीमा किन काम भई रहेको छैन ?<br>३. गाउँपालिका भित्रका क्षेत्रमा गाउँ सरसफाई लगायतका कार्यक्रम अगाडी बढाउन पाए गज्जब हुने थियो । | बुद्धि कुलुङ<br>शिक्षा शाखा संयोजक<br><br>भुपालराज मेवाहाङ<br>गाउँपालिका अध्यक्ष | १. सगरमाथा मा.वि.मा विव्यसको निर्णयले हटाएको भनेर जानकारी छ । अरुमा जानकारी छैन ।<br>२. गैह्र सरकारी संघ संस्थासंग कार्यक्रम तथा योजना भई नै रहेको छ । निरन्तरता हुने छ ।<br>३. सरसफाईको कार्यक्रमहरु स्थानीय नागरिकहरुको दायित्व पनि हो । यसमा गाउँपालिकाले जागरणका कार्यक्रमहरु गर्न निती बनाईनेछ । |
| ८ | बागबीर राई याफु | १. विद्यालय मर्ज, ग्रेड डाउन भई रहेको छ । तर गाउँपालिकाले नियुक्ति गरेको शिक्षक राखि राख्नु पर्ने किन ?<br>२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका कामहरु ठेक्का पट्टा जस्तोले पायो । लक्षित बर्गले पाएको छैन नि ।<br>३. कृषि, फलफुल, पशु लगायतको कार्यक्रमहरु अगाडी बढाउनु पर्छ ।<br>४. सिलीचोङमा विजुली मर्मत लगायतका लागि | बुद्धि कुलुङ<br>शिक्षा शाखा संयोजक<br><br>राजकुमार राई<br>रोजगार संयोजक<br><br>भुपालराज मेवाहाङ<br>गाउँपालिका | १. यो विषयमा जनप्रतिनिधी ज्यूहरुको प्रमुख भुमिका रहन्छ । अहिले भएको अनावश्यक चाँही छैन । व्यवस्थित गर्न आवश्यक चाँही हो ।<br>२. ठेक्का पट्टा जस्तो चाँही नहुनु पर्ने हो । लक्षित वर्गले भने फारम भर्ने पहुँच सम्म नपुग्नुले यो समस्या भएको हो ।<br>३. गाउँपालिका पहल गरिरहेको छ । तर सिमीत स्रोत भएको कारण उपलब्धीमुलक कार्यक्रमहरु तय गर्न समस्या भएको छ । |

Multimedia Pvt.Ltd.

| क्र.सं. | प्रश्न, गुनासो, सुझावदिनेको नाम | प्रश्न, गुनासो वा सुझाव | जवाफदिने पदाधीकारी | जवाफको छोटकरी ब्यहोरा |
|---|---|---|---|---|
| | | विद्युत वितरण केन्द्र राख्न पहल गरिनु पऱ्यो । | अध्यक्ष | |
| ९. | प्रशान्त राई | १. ठुला आयोजना भएर बजेट विनियोजन भएको तर बजेट खर्च कम भएको हो की ?<br>२. पर्यटन सम्बन्धी केही नगरे पनि अध्ययन सम्म गरेर केही काम पो गर्ने हो की ।<br>३. स्थानीय उत्पादनलाई प्रयोगमा ल्याउने वातावरण मिलाउन आवश्यक छ । | | |
| १० | देवी कुमार राई | १. महिलालाई व्यवसायिक बनाउन पहल गरौं ।<br>२. वेवारिसे बालबालिका र वृद्धवृद्धाको व्यवस्थापनमा समेत ध्यान दिन आवश्यक छ ।<br>२. सम्बन्ध विच्छेदका घटना धेरै छ । यसको न्युनिकरणमा काम पो गर्ने हो की । | | |

Multimedia Pvt.Ltd.
Khandbari, Sankhuwasabha

| क्र.सं. | प्रश्न, गुनासो, सुझावदिनेको नाम | प्रश्न, गुनासो वा सुझाव | जवाफदिने पदाधीकारी | जवाफको छोटकरी ब्यहोरा |
|---|---|---|---|---|
| ११ | राम बहादुर कुलुङ<br>पूर्व गाउँपालिका अध्यक्ष | १. गाउँपालिका भवनको निर्माणको गति ढिला भयो । अलि पहल गर्नु पर्ने देखिन्छ ।<br>२. पहिरो विस्थापितहरुको विषयमा चासो बढाउन आवश्यक छ ।<br>३. छब्बीसे पुलको लागि पहल गरौं ।<br>४. ससर्त बजेट बजेट ार्यन्वयनमा अलि ढिला सुस्ती हो की ।<br>५. बेरुजु फर्स्योटका सन्दर्भमा गाउँपालिकाले थप चासो दिन आवश्यक छ ।,<br>६. छलफल, बहस अलि धेरै गरी कृयाशिल हुन आवश्यक छ । | | |
| ६ | सहजकर्ता: खेवाहाङ | आजको कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा र गुनासोको समाधान खोज्ने तथा गाउँपालिकालाई समृद्ध बनाउन के कस्ता प्रतिबद्धता ब्यक्त गर्नुहुन्छ ? | भुपालराज मेवाहाङ गाउँपालिका अध्यक्ष | सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका विषयहरुलाई हामीले विशेष सल्लाह र सुझावकारुपमा लिएका छौं । का विषयलाई यहाँ सकरात्मक रुपमा लिँदै आगामी दिनहरुका सुझावलाई सिरोधार्य गर्दै सुधार गर्ने प्रतिवद्धता रहेको छ । |
| ९ | | कार्यक्रम समापन | | |

प्रतिवेदनदिईएको मितिः २०८१/०३/०१ गते सार्वजनिक सुनुवाई

Multimedia Pvt.Ltd.